विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक**

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

१. **कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सो को विवरण:**

- **संघीय संरचना अनुकूल कानूनी समायोजन:** संघीय शासन प्रणाली लागू भएपछि संघ, प्रदेश र स्थानीय तहबीचको भूमिका, दायित्व र अधिकार स्पष्ट गर्न वर्तमान कानूनी संरचनालाई परिमार्जन गर्न नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक अपरिहार्य भएको।
- **नगर पूर्वाधार विकासमा वैकल्पिक वित्त परिचालनको बढ्दो आवश्यकता:** तीव्र रूपमा बढ्दै गइरहेको शहरीकरणलाई व्यवस्थित गरी शहरी वातावरण र जीवनस्तरमा सुधार ल्याउन शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको ।सोह्रौं योजनाले तय गरेको आर्थिक वृद्धिदर हासिल गर्न योजना अवधिमा कुल लगानी रु. १११ खर्ब ८४ अर्ब २३ करोड आवश्यक पर्ने अनुमान गरिएको छ । उक्त लगानीलाई सार्थक बनाउन परम्परागत स्रोतहरुबाट मात्र आवश्यक लगानी पूर्ति गर्न अपर्याप्त हुने हुँदा नयाँ वैकल्पिक स्रोतहरुको समेत पहिचान गरिएको जस अन्तर्गत वैदेशिक लगानी, सार्वजनिक—निजी साझेदारी, मिश्रित लगानी, आयोजना विकास ऋणपत्र, प्राकृतिक स्रोतको भण्डारबाट आय प्रवाह, वित्त परिचालन, जलवायु वित्त, कार्वन कर र विभिन्न सार्वजनिक संस्थानका कोषमा रहेको स्रोत परिचालन हुने अनुमान गरिएको छ । ठूला र आर्थिक पूर्वाधारका आयोजनाहरूको निर्माण तथा विकासमा वैकल्पिक वित्तीय उपकरणहरू परिचालनका लागि कोषको पुँजी पुनःसंरचना गर्न आवश्यक भएको ।
- **राष्ट्रिय शहरी नीति, २०८१ को कार्यान्वयन:** राष्ट्रिय शहरी नीति, २०८१ को बुँदा नं १२ को आर्थिक पक्ष अन्तर्गत नगर विकास कोषको पुन संरचना सहित शहरी पुर्वाधारका लागि थप पुँजी परिचालन गरिने छ भन्ने उल्लेख भएकोमा उक्त व्यवस्था कार्यान्वयन गर्नका लागि विद्यमान ऐनमा पूँजी संरचना सम्बन्धी स्पष्ट व्यवस्था नभएको र शहरी पूर्वाधारहरूमा दीर्घकालीन ऋण परिचालन गर्न पुँजी वृद्धिसहित पुँजी संरचना आवश्यक भएको ।
- **सुशासन, पारदर्शिता र वित्तीय अनुशासन:** कोषको स्रोत परिचालन, ऋण लगानी, अनुगमन तथा जवाफदेहितालाई अन्तर्राष्ट्रिय अभ्यास अनुसार सुदृढ बनाउन कानूनी सुधार आवश्यक भएको ।
- **निजी क्षेत्र र विकास साझेदारसँग सहकार्य:** सार्वजनिक—निजी साझेदारी (PPP) तथा विकास साझेदारसँग सहकार्य गरी स्रोत परिचालन गर्न कानूनी स्पष्टता र लचकता आवश्यक भएकाले नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक आवश्यक भएको ।
- **नेपाल सरकारले व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गरेका नीति तथा कार्यक्रम र बजेटमा कोषसँग सम्बन्धित बुँदा कार्यान्वयन:** नेपालको संविधानअनुसार राज्य संरचना र राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरिएकाले कोषको कार्यक्षेत्र विस्तार गर्न र सेवालाई प्रभावकारी गराउन नेपाल सरकारको आ.व. २०७६/७७ देखि आ.व. २०८२/८३ सम्म निरन्तर रूपमा सरकारको **नीति तथा कार्यक्रम र बजेटमा** कोषलाई पुनःसंरचना गर्ने गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने संक्षम संस्थाका रूपमा विकास गरिने विषय समावेश हुँदै आएको तर हालसम्म कार्यान्वयनमा आउन नसकेको ।

२. **विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पार्ने प्रभाव:** नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका व्यवस्थाहरूले नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक हक तथा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयनमा देहायबमोजिम सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छः

- **समानताको हकमा प्रभाव:** विधेयकले नगर पूर्वाधार विकासका लागि वित्तीय स्रोत परिचालनलाई संस्थागत र मापदण्डमा आधारित बनाउने व्यवस्था गरेकाले सेवा प्रवाहमा भौगोलिक, सामाजिक वा आर्थिक विभेद घट्न गई नेपालको संविधानको धारा १८ बमोजिमको समानताको हक प्रवर्द्धन हुनेछ।

- **आवासको हकमा प्रभाव:** नगर विकास कोषमार्फत सुरक्षित, किफायती तथा योजनाबद्ध आवास परियोजनामा लगानी विस्तार हुने भएकाले नेपालको संविधानको धारा ३७ बमोजिमको आवासको हक कार्यान्वयनमा सहयोग पुग्नेछ। आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नागरिकलाई सम्मानजनक र सुरक्षित आवासको हक प्राप्त हुने व्यवस्था रहेकोमा सोको कार्यान्वयनमा सहयोग पुग्नेछ।
- **स्वच्छ वातावरणको हकमा प्रभाव:** राष्ट्रिय शहरी नीति, २०८१ ले विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरुको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानीवाहक (Green Financing Vehicle) का रुपमा प्रवर्द्धन तथा परिचालन गरिने उल्लेख गरिएको छ । स्वच्छ तथा सुरक्षित खानेपानी, सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा हरित पूर्वाधारसम्बन्धी परियोजनामा वित्तीय पहुँच वृद्धि भई संविधानको धारा ३० बमोजिमको स्वच्छ वातावरणको हक सुनिश्चित गर्न सकारात्मक योगदान पुग्नेछ।
- **स्वास्थ्यको हकमा अप्रत्यक्ष प्रभाव:** सुरक्षित खानेपानी र सरसफाइ जस्ता नगर पूर्वाधारका परियोजनामा लगानी वृद्धि भई नागरिकको स्वास्थ्यमा सुधार आई संविधानको धारा ३५ बमोजिमको स्वास्थ्यको हकको प्रभावकारी उपयोगमा सहयोग हुनेछ ।
- **सूचनाको हक र सुशासनमा प्रभाव:** कोषको सञ्चालन, ऋण प्रवाह, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाले पारदर्शीता प्रवर्द्धन भई नेपालको संविधानको धारा २७ बमोजिमको सूचनाको हक प्राप्त भई सुशासन कायम हुनेछ।
- **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा प्रभाव:** नगर पूर्वाधारको विकासबाट रोजगारी सिर्जना, सेवामा पहुँच विस्तार र जीवनस्तर सुधार भई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको क्रमिक रुपमा कार्यान्वयनमा योगदान पुग्नेछ। यस विधेयकमा भएका व्यवस्थाहरूले मौलिक हक तथा मानव अधिकारलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सीमित गर्ने नभई ती अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत, वित्तीय र संरचनात्मक आधार सुदृढ गर्नका निम्ती सकारात्मक प्रभाव पार्ने देखिन्छ।

३. **विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव:** नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्यवस्थाहरूले राष्ट्रिय अर्थतन्त्र, सार्वजनिक वित्त र स्थानीय तहको वित्तीय व्यवस्थापनमा देहायबमोजिमका आर्थिक तथा वित्तीय प्रभाव पार्ने अपेक्षा गरिएको छः

- **नगर पूर्वाधारमा लगानी वृद्धि:** विधेयकले नगर विकास कोषलाई सुदृढ र स्पष्ट कानूनी आधार प्रदान गरेपछि संघ ,प्रदेश एवं स्थानीय सरकारको पूर्वाधार विकास तथा विस्तारका लागि उपयुक्त संरचनागत व्यवस्था सहित प्रभावकारी रुपमा स्रोत साधन परिचालन तथा शहरी पूर्वाधार विकासमा पूँजीगत लगानी वृद्धि भई समग्र आर्थिक प्रणालीमा सकारात्मक प्रभाव पर्ने । मुलुक भित्र छरिएर रहेको पूँजीलाई बोण्ड, डिबेन्चर जस्ता विभिन्न वित्तीय उपकरणमार्फत पूर्वाधार विकासमा लगानी गर्न सकिने
- **स्थानीय तहको वित्तीय पहुँच सुदृढीकरण:** स्थानीय तहले पूर्वाधार विकासका लागि दीर्घकालीन र सहुलियतपूर्ण ऋण प्राप्त गर्न सक्ने अवस्था सिर्जना भई अनुदानमा मात्र हुने निर्भरता क्रमशः घट्दै जानेछ।
- **सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार:** ऋण प्रवाह, जोखिम व्यवस्थापन, लेखापरीक्षण र अनुगमनसम्बन्धी स्पष्ट व्यवस्था लागू भई सार्वजनिक स्रोतको प्रभावकारी, पारदर्शी र उत्तरदायी उपयोग सुनिश्चित हुनेछ।
- **निजी क्षेत्र र विकास साझेदारबाट स्रोत परिचालन:** कानूनी स्पष्टताका कारण सार्वजनिक–निजी साझेदारी (PPP), विकास साझेदार तथा वित्तीय संस्थाबाट अतिरिक्त पूँजी परिचालन हुन गई सरकारी लगानीको गुणात्मक प्रभाव बढ्नेछ।
- **रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रमा प्रभाव:** नगर पूर्वाधार परियोजनाहरूको कार्यान्वयनबाट निर्माण, सेवा र आपूर्ति श्रृंखलामा रोजगारी सिर्जना भई स्थानीय तथा राष्ट्रिय अर्थतन्त्र सुदृढ हुनेछ।
- **वित्तीय जोखिम न्यूनीकरण:** मापदण्डमा आधारित ऋण प्रवाह, परियोजना मूल्याङ्कन र पुन:भुक्तानी संयन्त्रका कारण कोष तथा सरकारको वित्तीय जोखिम नियन्त्रणमा रहनेछ विधेयकमा रहेका व्यवस्थाहरूले नगर विकास कोषलाई सक्षम

वित्तीय संस्थाका रूपमा विकास गर्दै सार्वजनिक स्रोतको दीगो परिचालन, स्थानीय तहको वित्तीय सुदृढीकरण र समग्र आर्थिक वृद्धिमा सकारात्मक आर्थिक तथा वित्तीय प्रभाव पार्ने देखिन्छ।

४. **विधेयक व्यवस्थाबाट दिगो विकासका लक्ष्य (SDGs) हासिल गर्न पुग्ने सहयोगः** दिगो विकासका १७ लक्ष्यमध्ये नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका व्यवस्थाहरूले नेपालले अंगीकार गरेका दिगो विकासका लक्ष्य (Sustainable Development Goals – SDGs) हासिल गर्न देहायबमोजिम प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउने अपेक्षा गरिएको छः

- **लक्ष्य १ गरिबी अन्त्यः** नगर पूर्वाधार तथा सेवामा लगानी वृद्धि भई रोजगारी सिर्जना, आर्थिक गतिविधि विस्तार र शहरी–ग्रामीण सेवा पहुँचमा सुधार हुन गई गरिबी न्यूनीकरणमा योगदान पुग्नेछ।
- **लक्ष्य ६ः स्वच्छ पानी तथा सरसफाईः** खानेपानी, ढल तथा सरसफाइसम्बन्धी परियोजनामा नगर विकास कोषमार्फत वित्तीय पहुँच विस्तार भई सुरक्षित पानी र सरसफाइ सेवाको पहुँच वृद्धि हुनेछ।
- **लक्ष्य ९ः उद्योग, प्रवर्तन र पूर्वाधारः** नगर पूर्वाधार विकासका लागि दीगो वित्तीय संयन्त्र सुदृढ भई गुणस्तरीय, भरपर्दो र दिगो पूर्वाधार निर्माणमा सहयोग पुग्नेछ।
- **लक्ष्य ११ः दिगो शहर तथा समुदायः** योजनाबद्ध शहरीकरण, सुरक्षित आवास, दिगो यातायात, फोहोर व्यवस्थापन तथा शहरी सेवा विस्तारमार्फत दिगो, समावेशी र सुरक्षित शहर निर्माणमा प्रत्यक्ष योगदान हुनेछ।
- **लक्ष्य १३ः जलवायु सम्बन्धी कार्यः** हरित पूर्वाधार, जलवायु—अनुकूल परियोजना तथा वातावरणमैत्री लगानी प्रवर्द्धन भई जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनमा सहयोग पुग्नेछ।
- **लक्ष्य १६ः शान्ति, न्याय र सशक्त संस्थाहरूः** कोषको सञ्चालनमा पारदर्शिता, उत्तरदायित्व र सुशासन सुदृढ भई प्रभावकारी, जवाफदेही र समावेशी संस्थागत संरचना विकास हुनेछ।
- विधेयकका व्यवस्थाहरूले शहरी पूर्वाधार विकासलाई संस्थागत, वित्तीय र नीतिगत रूपमा सुदृढ गर्दै दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा बहुआयामिक योगदान पुऱ्याउने देखिन्छ।

५. **विधेयकका व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः** नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकका व्यवस्थाहरूले सार्वजनिक प्रशासन, वित्तीय व्यवस्थापन तथा सेवा प्रवाहमा सुशासनको सिद्धान्त सुदृढ गर्न देहायबमोजिम महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छः

- **पारदर्शिता अभिवृद्धिः** विधेयकले नगर विकास कोषको स्रोत परिचालन, ऋण प्रवाह, परियोजना छनोट, अनुगमन तथा लेखापरीक्षणसम्बन्धी स्पष्ट प्रक्रिया र मापदण्ड व्यवस्था गरेकाले निर्णय प्रक्रिया खुला र पारदर्शी हुनेछ ।
- **उत्तरदायित्व र जवाफदेहिता सुदृढीकरणः** कोषका पदाधिकारी तथा सम्बन्धित निकायको भूमिका, दायित्व र जिम्मेवारी स्पष्ट हुने भएकाले कार्यसम्पादनप्रति उत्तरदायित्व र जवाफदेहिता बढ्नेछ।
- **विधिको शासनको प्रवर्द्धनः** एकीकृत र अद्यावधिक कानूनी संरचनाले विवेकाधीन निर्णय, कानूनी अन्योल र मनपरी अभ्यासलाई न्यून गरी विधिको शासन (Rule of Law) सुदृढ गर्नेछ।
- **वित्तीय अनुशासन र इमान्दारिताः** ऋण लगानी, जोखिम व्यवस्थापन, लेखापरीक्षण र प्रतिवेदन प्रणाली सुदृढ भई सार्वजनिक स्रोतको दुरुपयोग, अनियमितताको जोखिम घट्नेछ।
- **संस्थागत क्षमता र व्यावसायिकता वृद्धिः** कोषको संरचना, जनशक्ति व्यवस्थापन र कार्यप्रणाली स्पष्ट भई संस्थागत दक्षता, व्यावसायिकता र सेवाको गुणस्तरमा सुधार हुनेछ।
- **अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरणः** परियोजना कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनको व्यवस्था लागू भई नतिजामुखी प्रशासन (results-based governance) प्रवर्द्धन हुनेछ।

- **नागरिक विश्वास अभिवृद्धिः** पारदर्शी, उत्तरदायी र कानूनी रूपमा स्पष्ट व्यवस्था कार्यान्वयन हुँदा सार्वजनिक संस्थाप्रति नागरिकको विश्वास बढ्नेछ।

विधेयकका व्यवस्थाहरूले नगर विकास कोषको सञ्चालनलाई पारदर्शी, उत्तरदायी र नियममा आधारित बनाउँदै सार्वजनिक स्रोतको सदुपयोग सुनिश्चित गर्ने र समग्र सुशासन प्रवर्द्धनमा सकारात्मक तथा दीगो प्रभाव पार्ने देखिन्छ।

६. **विधेयकका व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- **अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालनमा सहयोगः** नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय निकाय National Designated Authority-NDA को हरित जलवायु कोष प्राविधिक समितिको मिति २०७४।०७।१९ को निर्णयानुसार नगर विकास कोषलाई Direct Access Entity का लागि आवेदन गर्न छनोट भई नगर विकास कोष हरित जलवायु कोषको मानक संस्था (Accreditation Institution) का रुपमा स्थापित गर्ने प्रथम चरणको कार्य अन्तिम अवस्थामा रहेको छ ।कानूनी र संस्थागत स्पष्टताले जलवायु कोष, विकास साझेदार र अन्तर्राष्ट्रिय वित्तीय स्रोत परिचालन गर्न सहज बनाउनेछ।
- **जलवायु—अनुकूल पूर्वाधारमा लगानी प्रवर्द्धनः** बाढी, पहिरो, पानी अभाव जस्ता जोखिमलाई सम्बोधन गर्ने जलवायु-अनुकूल पूर्वाधार परियोजनामा वित्तीय पहुँच विस्तार हुनेछ।
- **जोखिम न्यूनीकरण र सहनशीलता (Resilience) अभिवृद्धिः** जलनिकास, फोहोर व्यवस्थापन, हरित क्षेत्र, वर्षा पानी संकलन तथा सुरक्षित आवास परियोजनामार्फत शहरहरूको जलवायु सहनशीलता बढ्नेछ।
- **स्थानीय तहको जलवायु क्षमता सुदृढीकरणः** स्थानीय तहलाई जलवायु अनुकूलनसम्बन्धी परियोजना योजना, वित्तीय व्यवस्थापन र कार्यान्वयनमा सक्षम बनाउने वातावरण सिर्जना हुनेछ।
- **हरित र वातावरणमैत्री लगानी प्रवर्द्धनः** ऊर्जा दक्षता, नवीकरणीय ऊर्जा, हरित भवन र दिगो यातायात प्रणालीमा लगानी बढ्न गई कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग पुग्नेछ।
- विधेयकका व्यवस्थाहरूले नगर पूर्वाधार विकासलाई जलवायु—अनुकूल र दिगो बनाउँदै स्थानीयदेखि राष्ट्रिय तहसम्म जलवायु अनुकूलन प्रयासलाई संस्थागत रूपमा सुदृढ गर्ने महत्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ।

७. **अन्य विषयहरूः**

- संघ, प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास तथा विस्तार गर्नका लागि उपयुक्त संरचनागत व्यवस्था सहित प्रभावकारी रुपमा स्रोत साधन परिचालन भई शहरी पूर्वाधार विकासमा पूँजीगत लगानी हुने ।
- नेपाल सरकारसँग ऋण तथा अनुदान उपलब्ध गराउने सम्बन्धमा सम्झौता गरेका द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थाबाट प्राप्त भएको ऋण तथा अनुदान रकमलाई संघ, प्रदेश र स्थानीय तहको शहरी पूर्वाधार विकासमा परिचालन गराई सोको प्रभावकारी कार्यान्वयन हुने।
- शहरी पूर्वाधार विकासका लागि अवलम्बन गरेको दीर्घकालीन ऋण परिचालन अवधारणा अनुरुप शहरी पूर्वाधार विकासका क्षेत्रमा लगानी हुने ।
- देशभित्र छरिएर रहेको पूँजीलाई बोण्ड, डिवेन्चर जस्ता विभिन्न वित्तीय उपकरण मार्फत सङ्कलन गरी पूर्वाधार विकासमा लगानी गर्न सकिने ।
- प्रदेश तथा स्थानीय तहद्वारा प्रस्तावित पूर्वाधार आयोजनाहरुको अध्ययन, निर्माण तया सञ्चालन गर्न आवश्यक पर्ने परामर्श सेवा उपलब्ध गराउन सकिने ।
- सामाजिक पूर्वाधारका आयोजनाहरुमा कोषबाट सहुलियत व्याजदरमा लगानी गरी वित्तीय क्षेत्रमा मिश्रित लगानीको सिद्धान्त अनुरुप लगानी गर्दा मुलुकको आर्थिक वृद्धिमा टेवा पुग्ने।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## नगर विकास कोषसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावनाः** राज्यको संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा नगरको निर्माण, विकास र विस्तार एवं नगरहरुमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्न, गराउन तथा त्यस्ता सेवा तथा आयोजना सञ्चालन गर्ने नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याई व्यवस्थित ढङ्गले नगरको विकास गर्न, गराउनको लागि नगर विकास कोषको स्थापना र कार्य सञ्चालन सम्बन्धी कानूनलाई समयानुकूल संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नगर विकास कोष ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आधारभूत सामाजिक सेवा" भन्नाले बाटो, सडक, बत्ती, पुल, खानेपानी, ढल निकास, फोहरमैला सङ्कलन, सार्वजनिक शौचालय, सार्वजनिक पुस्तकालय, विद्यालय तथा त्यस्तै सार्वजनिक उपयोगका लागि बनाइने विभिन्न संरचना लगायत नगरबासीको हितको निमित्त पुर्‍याउने विभिन्न सेवाहरु सम्झनु पर्छ।

(ग) "आयमूलक आयोजना" भन्नाले सार्वजनिक बजार, व्यापार केन्द्र, बस पार्क, पशु वधशाला, गोदाम घर तथा त्यस्तै अन्य आयमूलक आयोजना सम्झनु पर्छ ।

(घ) "ऋण" भन्नाले कुनै चल,अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई कोषले निर्धारण गरेको शर्तमा दिने कर्जा सम्झनु पर्छ।

(ङ) "ऋणी" भन्नाले कोषबाट ऋण लिने नगर विकाससँग सम्बन्धित निकाय सम्झनु पर्छ।

(च) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नगर विकास कोष सम्झनु पर्छ।

(छ) "डिबेन्चर" भन्नाले कोषले आफ्नो जायजेथा धितो राखी वा नराखी जारी गरेको ऋणपत्र सम्झनु पर्छ।

(ज) "नगर" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ।

(झ) "नगर विकाससँग सम्बन्धित निकाय" भन्नाले नगरको निर्माण तथा विकास गर्नको निमित्त आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सम्बन्धी कार्य गर्ने देहायका संस्थालाई सम्झनु पर्छः-

(१) प्रचलित कानून वमोजिम स्थापना भएका प्रदेश सरकार, स्थानीय तह वा सरकारी वा गैरसरकारी संस्था,

(२) प्रचलित कानून बमोजिम गठन भएका नगर विकास समिति वा खानेपानी उपभोक्ता संस्था वा शहरी पूर्वाधार विकाससँग सम्बन्धित संस्था वा कम्पनी,

(३) प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी निकाय वा त्यस्ता निकायले छनौट गरेका शहरी पूर्वाधारसँग सम्बन्धित आयोजनामा लगानी गर्ने कुनै साझेदार निकाय।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा २१ बमोजिम नियुक्त भएको कोषको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।"

(ठ) "लगानी" भन्नाले नगर विकाससँग सम्बन्धित निकायलाई प्रदान गरिने ऋण, अनुदान, शेयर, डिबेन्चर वा त्यस्तै प्रकृतिका अन्य पूँजीगत लगानी सम्झनु पर्छ।

(ड) "शेयर" भन्नाले कोषको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ।

(ढ) "शेयर प्रमाणपत्र" भन्नाले शेयरधनीलाई शेयर खरिद गरेबापत कोषले प्रदान गरेको निस्सा सम्झनु पर्छ।

(ण) "शेयरधनी" भन्नाले कोषको शेयरमा स्वामित्व भएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(त) "समिति" भन्नाले दफा १७ बमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनु पर्छ।

(थ) "साधारण सभा" भन्नाले दफा १५ बमोजिमको साधारण सभा सम्झनु पर्छ।

(द) "साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ता बीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न साझेदारीमा आयोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ।

(ध) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित गठित अन्य सङ्गठित संस्था वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकारले सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक संस्था सम्झनु पर्छ।

(न) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका वा महानगरपालिकालाई समेत जनाउँछ।

(प) "वित्तीय उपकरण" भन्नाले शहरी पूर्वाधारको निर्माण तथा विकासमा ऋण, अनुदान, मिश्रण लगानी, सहलगानी, हरित वित्त लगानी, मिश्रित वित्त, साझेदारी, कन्सोर्टियम फाइनान्सिङ्ग लगायतका वित्तीय स्रोत सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>कोषको स्थापना, काम, कर्तव्य र अधिकार तथा कोषको शेयर पूँजी संरचना</u>

३. **कोषको स्थापनाः** (१) नगर विकाससँग सम्बन्धित निकायहरूलाई आवश्यक लगानी गर्न एवं आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नका लागि नगर विकास कोषको स्थापना गरिएको छ।

(२) कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र कोषले आवश्यकतानुसार नेपालभित्र आफ्नो शाखा कार्यालय खोल्न सक्नेछ।

४. **<u>कोष स्वशासित संस्था हुने</u>**ः (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) कोषको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) कोषले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमका व्यवस्थाका अधीनमा रही व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) कोषले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

५. **<u>कोषको उद्देश्य</u>ः** कोषको उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) नगर विकाससँग सम्बन्धित निकायलाई नगरको निर्माण विकासका लागि आधारभूत सामाजिक सेवा र आयमूलक आयोजनामा लगानी गर्ने।

(ख) शहरी पूर्वाधारका विभिन्न किसिमका आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्ने।

(ग) नगर विकास र यसको लागि गरिनुपर्ने सम्भाव्य सुधारका सम्बन्धमा देखा परेका समस्याको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अध्ययन अनुसन्धान गर्ने, गराउने।

(घ) शहरी पूर्वाधार विकासका लागि वित्तीय उपकरणहरू परिचालन गर्ने।

६. **कोषको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) नगरको निर्माण, विकास र विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा वा आयमूलक आयोजना सञ्चालन गर्नका लागि नगर विकाससँग सम्बन्धित निकायहरूलाई अनुदान वा ऋण लगानी गर्ने।

(ख) नगर विकाससँग सम्बन्धित निकायलाई आयोजना निर्माण, पुनर्निर्माण विस्तार वा सञ्चालनका लागि शेयर वा डिवेन्चर वा वण्ड वा वित्तीय उपकरण मार्फत पूँजी जुटाउने।

(ग) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारद्वारा साझेदारीको अवधारणा अनुरूप छनौट वा सिफारिस भएका पूर्वाधार विकासका आयोजनामा लगानी गर्ने।

(घ) नगर विकाससँग सम्बन्धित निकायद्वारा संयुक्त रूपमा सञ्चालित आयोजनाहरूको लगानी व्यवस्थापन र सञ्चालन गर्ने, गराउने।

(ङ) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासँग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने।

(च) नेपाल सरकारको स्वीकृतिमा दुईपक्षीय, बहुपक्षीय दातृ निकाय वा अन्तर्राष्ट्रिय सङ्घ–संस्था, गैरसरकारी सङ्घ, संस्था, बैक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक तथा प्राविधिक सहायता परिचालन गर्ने।

(छ) नगर विकाससँग सम्बन्धित निकायमा गरिने लगानीको लागि स्रोत सङ्कलन गर्न आवश्यक पूँजी, शेयर, डिवेन्चर वा वण्ड तथा अन्य यस्तै प्रकृतिका वित्तीय उपकरणहरु परिचालन गर्ने।

(ज) शहरी पूर्वाधार विकास आयोजना सञ्चालन गर्ने सम्बन्धित निकायको क्षमता अभिवृद्धिका लागि प्राविधिक सहयोग उपलब्ध गराउने।

(झ) आयोजना धितो राखी ऋण दिने, हाइपोथिकसन धितो राखी ऋण दिने एवं सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रूपमा ऋण दिने दिलाउने।

(ञ) शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी अभिवृद्धि सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई आवश्यक परामर्श सेवा उपलब्ध गराउने।

(ट) प्रदेश सरकार वा स्थानीय तहबाट प्रस्तावित शहरी पूर्वाधार विकास आयोजनाको अध्ययन, निर्माण र सञ्चालन गर्नका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउने। ।

(ठ) कोषको उद्देश्यको प्रभावकारी कार्यान्वयन गर्न स्पष्ट नीति, मापदण्ड निर्धारण गर्ने, गराउने।

(ड) सरकारी र निजी क्षेत्रहरूको साझेदारीमा योजना तयार गरी लगानीका विभिन्न वित्तीय उपकरणहरू अवलम्बन गर्ने, गराउने।

(ढ) कोषको कार्यक्षेत्रसँग सम्बन्धित निकाय तथा विभागहरूसँग लगानी विस्तार गर्न समन्वय गर्ने।

(ण) कोषको कार्यको अनुगमन र मूल्याङ्कन गर्ने।

(त) कोषको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरू गर्ने।

७. **कोषको शेयर पूँजी संरचना र शेयरधनी:** (१) कोषको अधिकृत पूँजी पचास अर्ब रुपैयाँ हुनेछ र सो रकमलाई एक सय रुपैयाँका दरले पचास करोड कित्ता शेयरमा विभाजन गरिनेछ।

(२) कोषको जारी पूँजी पचास अर्ब रुपैयाँ र चुक्ता पूँजी बीस अर्ब रुपैयाँ हुनेछ र सो रकम देहाय बमोजिम बाँडफाँट गरी वितरण गरिनेछः-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकार | - एकाउन्न प्रतिशत |
| (ख) | प्रदेश सरकार | - दश प्रतिशत |
| (ग) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका | - पन्ध्र प्रतिशत |
| (घ) | गाउँपालिका | - दश प्रतिशत |
| (ङ) | नेपाल सरकारको स्वामित्व रहेका निगम, कोष, संस्थान, कम्पनी, बैंक र अन्तरर्राष्ट्रिय वित्तीय संस्था | - चौध प्रतिशत |

(३) उपदफा (२) बमोजिम वितरण गरिएको शेयर प्रदेश सरकार, स्थानीय तह वा नेपाल रकारको स्वामित्वमा रहेका निगम, कोष, संस्थान, कम्पनी, बैंक वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र शेयरको अनुपातमा पूँजी  रकम कबुल गर्न नसकेमा सो शेयर नेपाल सरकारको निर्णय बमोजिम हुनेछ।

(

(५) कोषले नेपाल सरकारको अनुमति लिई आफ्नो प्रारम्भिक अधिकृत शेयर पूँजी थपघट गर्न सक्नेछ।

(६) कोषले नेपाल सरकारको अनुमति लिई चुक्ता पूँजी वृद्धि गर्न सक्नेछ।

(७) प्रत्येक शेयर अविभाज्य हुनेछ र शेयरधनीले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले शेयरधनीहरूको साधारण सभामा मत दिन पाउनेछ।

(८) कोषले अन्तर्राष्ट्रिय वित्तीय संस्थालाई शेयर बिक्री वितरण गर्नु अघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

८. **कोषले आवश्यक सेवा शुल्क लिन सक्नेः** कोषले नगर विकाससँग सम्बन्धित निकायहरूलाई नगर विकास सम्बन्धी परामर्श सेवा प्रदान गरेबापत तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ।

९. **कोषले आर्थिक स्रोत जुटाउन सक्नेः** (१) कोषले आफ्नो उद्देश्य अनुरूपका कार्य सञ्चालन गर्न देहायका स्रोतबाट रकम जुटाउन सक्नेछ :–

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) गैरसरकारी सङ्घ, संस्था, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक सहायता,

(ग) विदेशी सरकार, दुईपक्षीय, बहुपक्षीय दातृ निकाय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा निकायबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक सहायता तथा प्राविधिक सहायता,

(घ) प्रचलित कानून बमोजिम ऋणपत्र जारी भई प्राप्त हुने रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त हुने सहयोग।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको विदेशी सरकार वा संस्था वा निकायहरूसँग आर्थिक स्रोत लिनु अगावै कोषले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

१०. **ऋणपत्र जारी तथा खरिद गर्न सक्नेः** (१) कोषले प्रचलित कानून बमोजिमको रीत पुर्‍याई डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी गर्न तथा खरिद गर्न सक्नेछ।

(२) कोषले डिवेन्चर तथा अन्य कुनै किसिमको ऋण पत्र जारी तथा खरिद गर्दा तोकिएको प्रकृया अपनाउनु पर्नेछ।

**११. <u>शर्तहरू सहित सम्झौता गर्नेः</u>** (१) कोषले नगर विकाससँग सम्बन्धित निकायलाई ऋण वा अनुदान दिँदा आफ्नो हितको संरक्षण गर्न र आफूले प्रदान गरेको ऋण वा अनुदानको उचित प्रयोग गर्नका लागि आवश्यकतानुसार शर्तहरू राखी लिखित रूपमा सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा कोषले जतिसुकै अवधिको भाखा राख्न, कोषले तोकेको शर्त भङ्ग गरेमा ऋणीले लिएको ऋणको साँवा ब्याज फिर्ता बुझाउन लगाउन वा ऋणीले लिखत गराई दिएको धितो, बन्धक वा अन्य सम्पत्ति र जमानतबाट असुल गर्न सक्ने गरी तोकिए बमोजिमका अन्य शर्तहरू राख्न सक्नेछ ।

**१२. <u>शर्त उल्लंघन गरेमा कोषको अधिकारः</u>** (१) दफा ११ बमोजिम गरेको सम्झौता अनुसार कुनै ऋणीले कोषलाई बुझाउनुपर्ने ऋण, त्यसको ब्याज र पेश्की बापतको बाँकी रकम नबुझाई कोषसँग गरेको सम्झौतामा उल्लिखित शर्त उल्लंघन गरेमा वा त्यस्तो ऋणको रकम ऋणीसँग चुक्ता हुन नसक्ने पर्याप्त आधार देखिएमा भाखाको अवधि नपुगेको भए तापनि कोषले ऋणीसँग लिनुपर्ने रकम फिर्ता माग गर्न वा ऋण दिँदा धितोबापत राखेको सम्पत्ति वा त्यस्तो ऋणीको अन्य सम्पत्तिहरू प्रचलित कानून बमोजिम कब्जा गरी चलन गर्न, बहाल वा ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरी आफूले लिनुपर्ने रकम असुल उपर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कोषले ऋणीको सम्पत्ति कब्जा गरी लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरेकोमा कोषले लिनुपर्ने रकम लिई बढी भएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा पटकपटक प्रयास गर्दा पनि ऋणीको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा बिक्री गर्दा कोषको हितमा हुने नदेखिएमा प्रचलित कानून वमोजिम ऋणीको सम्पत्तिको मोल कायम गरी शेयर पूँजी संरचना अनुसारका शेयरधनीको स्वामित्वमा रहनेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहले तोकिएको अवधिभित्र ऋण चुक्ता नगरेमा नेपाल सरकारको अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाडँफाँट रकम मध्येबाट कट्टा गरी कोषलाई उपलब्ध गराउनु पर्नेछ।

**१३. <u>कोषको अधिकार समाप्त नहुने</u>:** (१) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्यादभित्र धितो कब्जा गर्न वा ऋण असूल गर्न कारबाही नगरेको कारणले मात्र धितो माथिको कोषको अधिकार समाप्त हुने छैन ।

(२) सम्झौतामा उल्लिखित शर्त बमोजिम धितो कब्जा गरेको, भोगचलन गरेको, भाडा वा ठेक्कापट्टामा दिएको वा मुनाफा बाँड्ने गरी अरुलाई सञ्चालन गर्न दिएकोमा त्यस्तो कारणले मात्र कोषले असुल गरी लिन पाउने ऋण रकमको किस्ता नबुझाए बापतको ब्याज तथा थप दस्तुर वा धितो बिक्री गर्न पाउने कोषको अधिकारमा असर पर्ने छैन।

**१४. <u>कोषको ऋण लगानीको सुरक्षा</u>:** (१) कोषले ऋण लगानी गरेको नगर विकाससँग सम्बन्धित निकाय वा कुनै संस्थाले ऋण चुक्ता गर्न असक्षम भएमा वा संस्था विघटन भएमा वा नरहेमा त्यस्तो निकाय वा संस्थाको आय स्रोत वा जायजेथामा कोषको हकदाबी हुनेछ।

(२) कोषले ऋणी सङ्गठित सँस्था वा जमानीबाट लिखत गराई धितो लिँदा वा धितो लिएको सम्पत्ति कोषको नाममा पारित गराई लिँदा वा कोषले अचल सम्पत्ति खरिद बिक्री गर्दा प्रचलित कानून बमोजिमको प्रक्रिया पुर्‍याई गर्नु पर्नेछ।

## परिच्छेद–३

## <u>साधारण सभा र सञ्चालक समिति</u>

**१५. <u>साधारण सभा</u>:** (१) कोषको जम्मा निष्कासित शेयर पूँजीको कम्तीमा एकाउन्न प्रतिशत शेयर निष्कासन भएको एक वर्षभित्र पहिलो पटक प्रारम्भिक साधारण सभा बस्नेछ र त्यसपछि प्रत्येक वर्ष आर्थिक वर्ष पूरा भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बस्नेछ।

(२) उपदफा (१) बमोजिम साधारण सभा बस्नुभन्दा कम्तीमा एक्काइस दिन अगावै सभा बस्ने स्थान, मिति र समय तोकी साधारण सभाको कार्यसूची सहितको सूचना कोषले सबै शेयरधनीहरूलाई दिनुपर्नेछ र त्यस्तो सूचना कम्तीमा दुई पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ।

(३) कोषको कूल शेयर सङ्ख्याको साठी प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये दश प्रतिशत शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा साधारण सभाका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (३) मा लेखिए बमोजिमको सङ्ख्यामा शेयरधनीहरू उपस्थित नभएकाले सभा हुन नसकेमा कम्तीमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउँदा कुल शेयर

सङ्ख्याको तेत्तीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी साधारण सभामा उपस्थित भई मतदान गर्न पाउने कम्तीमा पाँचजना शेयरधनीहरू स्वयं उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (४) बमोजिम अर्कोपटक साधारण सभा बोलाएको सूचना दिँदा राष्ट्रियस्तरको कुनै दैनिक पत्रिकामार्फत दिन सकिनेछ र त्यसरी दिएको सूचनालाई रीतपूर्वकको सूचना मानिनेछ ।

(६) समितिले आवश्यक देखेमा विशेष साधारण सभा बोलाउन सक्नेछ।

(७) कोषको लेखापरीक्षण गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउनु आवश्यक देखिएमा लेखापरीक्षकले त्यस्तो सभा बोलाउनको निमित्त समितिलाई अनुरोध गर्न सक्नेछ र समितिले पनि सो बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(८) कोषको चुक्ता पूँजीको कम्तीमा दश प्रतिशत शेयर लिने शेयरवाला वा शेयरवालाहरूको जम्मा संख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरवालाहरूले कारण खोली विशेष साधारण सभा गराउन कोषमा दरखास्त पठाई माग गरेमा समितिले कोषको विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(९) निरीक्षण गर्दा वा अन्य कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखिएमा नेपाल सरकारले त्यस्तो सभा समितिद्वारा बोलाउन लगाउन सक्नेछ ।

(१०) साधारण सभामा पेश गरिने प्रस्ताव, छलफल, सभामा भाग लिने व्यवस्था र मतदान गर्ने अधिकार तथा सभा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

१६. <u>**साधारण सभामा पेश गर्नुपर्ने विषयहरुः**</u> (१) समितिले कोषको वार्षिक आयव्ययको लेखापरीक्षण प्रतिवेदन साधारण सभामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको विषयको अतिरिक्त साधारण सभामा कोषको हिसाब किताब, समितिको वार्षिक कार्यको प्रतिवेदन, शेयरधनीहरूमा बाँडिने मुनाफा, निर्वाचित र मनोनित हुने सञ्चालकको नियुक्ति र पारिश्रमिक सम्बन्धी विषय पेश गर्नु पर्नेछ।

(३) जम्मा मत संख्याको कम्तीमा पाँच प्रतिशत मतको प्रतिनिधित्व गर्ने शेयरवाला वा शेयरवालाहरूले कुनै विषय साधारण सभामा छलफल र निर्णयको लागि पेश गर्न चाहेमा सो साधारण सभा वस्ने सूचना जारी हुनु अगावै अध्यक्ष समक्ष दरखास्त दिई पेश गर्न सक्नेछन् ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा १५ को उपदफा (१) बमोजिम बोलाइएको प्रारम्भिक साधारण सभामा समितिले सो सभा हुनु भन्दा अगाडि कोषले गरेको कारोबारको विवरण सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) साधारण सभामा पेश गरिने प्रस्ताव, छलफल र निर्णय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१७. __समितिको गठनः__** (१) कोषको उद्देश्य प्राप्तिका लागि सुव्यवस्थित रूपले आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न, गराउन र कोषको सम्पूर्ण काम कारबाहीको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक सञ्चालक समितिको गठन हुनेछ।

(२) समितिमा देहायका सदस्य रहने छन्:-

| | | |
|---|---|---|
| (क) | सचिव, शहरी विकास मन्त्रालय | -अध्यक्ष |
| (ख) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ग) | सहसचिव, खानेपानी मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (ङ) | कोषको शेयरधनी प्रदेशहरू मध्येबाट प्रदेश सरकारको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयको एक जना सचिव | -सदस्य |
| (च) | कोषको शेयरधनी महानगरपालिका, उपमहानगरपालिका, वा नगरपालिकामध्येबाट साधारण सभाको निर्वाचनबाट प्रतिनिधित्व हुने गरी एक जना महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका प्रमुख | -सदस्य |
| (छ) | कोषको शेयरधनी गाउँपालिकाहरुमध्ये साधारण सभाको निर्वाचनबाट प्रतिनिधित्व हुने गरी निर्वाचित एक जना गाउँपालिका अध्यक्ष, | -सदस्य |
| (ज) | नेपाल सरकारको स्वामित्व रहेका निगम, कोष, संस्थान, कम्पनी, बैंक र अन्तराष्ट्रिय वित्तीय संस्थाबाट शेयरधनी रहेकामध्ये साधारण सभाको निर्वाचनबाट निर्वाचित एक जना | -सदस्य |
| (झ) | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर गरेको र शहरी पूर्वाधार तथा वित्तसँग सम्बन्धित राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रमा कम्तीमा दश वर्षको कार्यानुभव | -सदस्य |

हासिल गरेका विज्ञमध्ये नेपाल सरकारले मनोनयन गरेको कम्तिमा एक जना महिला सहित दुई जना

(ञ) प्रमुख कार्यकारी अधिकृत सदस्य-सचिव

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभाद्वारा सञ्चालकहरू निर्वाचित नभएसम्म सञ्चालक समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) सचिव, शहरी विकास मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(ग) प्रतिनिधि, खानेपानी मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(घ) प्रतिनिधि, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(ङ) सचिव, अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय, सबै प्रदेशहरुमध्येबाट एक जना -सदस्य

(च) महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका प्रमुख/अध्यक्ष मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(छ) नेपाल सरकारको स्वामित्व रहेका निगम, कोष, संस्थान, कम्पनी, बैंक र अन्तराष्ट्रिय वित्तीय संस्थाहरुका कार्यकारी प्रमुख मध्ये एकजना -सदस्य

(ज) मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर गरेको र शहरी पूर्वाधार तथा वित्त व्यवस्थापन विषयसँग सम्बन्धित राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रमा कम्तीमा दश वर्षको कार्यानुभव हासिल गरेका विज्ञहरुमध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(झ) प्रमुख कार्यकारी अधिकृत -सदस्य-सचिव

(४) उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यहरु नेपाल सरकारले मनोनयन गर्नेछ।

(५) उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिम मनोनीत हुने सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ। पदावधि पूरा नहुदै कुनै मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ।

(६) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकार वा नगर विकास कार्यसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

१८. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

तर एक वर्षमा कम्तीमा छ पटक समितिको बैठक बस्नुपर्नेछ र दुईवटा बैठक बीचको समयावधि तीन महिना भन्दा बढी हुने छैन ।

(२) एक तिहाइ सदस्यहरूले समितिको बैठक बोलाउन लिखित रूपमा माग गरेमा समितिको सदस्य–सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनु पर्नेछ।

(३) समितिको सदस्य–सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफल भएका विषयवस्तु तथा बैठकमा भएका निर्णयहरू एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको दस्तखत गराई राखु पर्नेछ ।

(८) समितिले गरेका निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः–

(क) कोषले जारी गरेको डिबेन्चर वा अन्य कुनै किसिमको ऋणपत्रको नामसारी, साँवा ब्याजको भुक्तानी र तत्सम्बन्धी अन्य कार्यविधि बनाउन आवश्यक देखेमा त्यस्तो कार्यविधि बनाई लागू गर्ने ।

(ख) प्रचलित कानून वमोजिम स्थापित बैंक, वित्तीय संस्था वा कम्पनीहरूबाट जारी भएको शेयर वा ऋणपत्र वा धितोपत्रमा लगानी गर्ने ।

(ग) नगर विकाससँग सम्बन्धित लगानीयोग्य आयोजना तयारी एवम् सुपरिवेक्षण गर्ने, गराउने ।

(घ) कोषको लागि वार्षिक कार्यक्रम र बजेट तथा वार्षिक लेखापरीक्षणको हिसाब र प्रतिवेदन स्वीकृत गर्ने।

(ङ) कोष समक्ष पेस भएका योजना तथा कार्यक्रमहरू स्वीकृत गर्ने।

(च) कोषले दिने कर्जा तथा पुनःकर्जाको रकम, सीमा तथा शर्तको निर्धारण गर्ने।

(छ) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने।

(ज) प्रचलित कानूनको अधीनमा रही कोषका कर्मचारीहरूको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, पारिश्रमिक, निवृत्तिभरण, उपदान, सञ्चयकोष, अवकाश कोष, आचरण तथा सेवा सम्बन्धी अन्य शर्तहरू सम्बन्धमा नीति निर्धारण गर्ने।

(झ) कोषको संगठनात्मक संरचना र दरबन्दी स्वीकृत गर्ने।

(ञ) कोषका लागि वार्षिक कार्यक्रम र वासलात तथा गत आर्थिक वर्षको नाफा–नोक्सान हिसाब पेश, बजेट तथा वार्षिक लेखापरीक्षणको हिसाब र प्रतिवेदन, शेयरधनीहरूमा बाँडिने मुनाफा साधारण सभाको स्वीकृतिका लागि पेश गर्ने।

(ट) यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमको अधीनमा रही आवश्यक विनियम, निर्देशिका, कार्यविधि वा लगानी नीति तर्जुमा गरी स्वीकृत गर्ने।

(ठ) साधारण सभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने।

(ड) समितिले आवश्यक देखेका अन्य विषय साधारण सभामा पेश गर्ने।

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२०. **<u>उपसमिति गठन गर्न सक्ने</u>** : (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नका लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमितिहरूको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यावधि समितिले तोके बमोजिम हुनेछ ।

**परिच्छेद–४**

**<u>प्रमुख कार्यकारी अधिकृत र कर्मचारी सम्बन्धी व्यवस्था</u>**

२१. **<u>प्रमुख कार्यकारी अधिकृत</u>**: (१) कोषको प्रशासकीय प्रमुखका रूपमा दैनिक कार्य सञ्चालन गर्न खुला प्रतिस्पर्धाका आधारमा समितिले एकजना प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति नभए सम्मका लागि समितिले कोषको वरिष्ठ कर्मचारीलाई बढीमा तीन महिनाको लागि प्रमुख कार्यकारी अधिकृतका रूपमा काम गर्ने गरी तोक्न सक्नेछ।

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ ।

(४) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतले कोषलाई हानीनोक्सानी हुने कुनै कामकारबाही गरेमा वा समितिको नीति निर्देशन विपरीत काम गरेमा समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई प्रमुख कार्यकारी अधिकृतको

२२. **<u>प्रमुख कार्यकारी अधिकृतको योग्यता</u>**: प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुनको लागि देहाय वमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, व्यवस्थापन, चार्टर एकाउन्टेन्सी , इन्जिनियरिङ्ग वा कानून विषयहरुमध्ये कुनै एक विषयमा स्नातकोत्तर उपाधी हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव प्राप्त गरेको ,

(ग) पूर्वधार विकास वा वित्तीय व्यवस्थापन वा बैकं तथा वित्तीय क्षेत्रमा कम्तीमा दश वर्षको व्यस्थापकीय कार्य अनुभव भएको,

(घ) पैत्तिस वर्ष उमेर पूरा भएको र पच्पन्न वर्ष उमेर ननाघेको, र

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नरहेको।

२३. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः** (१) प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(ख) समितिको अध्यक्षसँग परामर्श गरी सञ्चालक समितिको बैठकका विषयसूची र प्रस्तावहरू तयार गरी समिति समक्ष पेश गर्ने ।

(ग) कोषको दीर्घकालीन तथा अल्पकालीन योजना वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने ।

(घ) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

(ङ) कोषको दैनिक कार्यको सुपरिवेक्षण तथा निरीक्षण गरी कोषको उद्देश्य अनुसार आवश्यक कार्यहरू गर्ने ।

(च) कोषको लगानीमा कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरूको निरीक्षण गरी त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने।

(छ) कोषले सञ्चालन गरेका कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने।

(ज) ऐन, नियम र विनियमा तोकिए बमोजिम लगानी सिफारिस गर्ने तथा अख्तियारी बमोजिम लगानी स्वीकृत गर्ने।

(झ) समितिको स्वीकृति लिई आवश्यकता अनुसार विषयविज्ञ नियुक्त गर्ने।

(ञ) कोषको प्रमुख प्रशासकीय अधिकृतका रूपमा दैनिक कार्य सञ्चालन गर्ने।

(ट) कोषको आर्थिक स्रोत जुटाउन तथा लगानी गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारहरूसँग समन्वय र सहजीकरण गर्ने।

(ठ) कोषको स्रोत परिचालन, व्यवसाय प्रवर्धन तथा विकास, लगानी, तथा मानव संसाधन व्यवस्थापन सम्बन्धी काम कारबाही गर्ने।

(ड) त्रैमासिक वित्तीय विवरण सार्वजनिक रूपमा प्रकाशन गर्ने।

(ढ) प्रमुख कार्यकारी अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२४. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) कोषको काम सुचारु रूपले सञ्चालन गर्नका लागि कोषमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहनेछन्।

(२) कोषका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद-५

## कोष, लेखा र लेखापरीक्षण

**२५. कोषः** (१) कोषको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :–

(क) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण ।

(ग) स्वदेशी वा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग।

(घ) द्विपक्षीय वा बहुपक्षीय दातृ निकाय वा अन्तर्राष्ट्रिय सङ्घ संस्था, गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण, अनुदान वा अन्य आर्थिक सहायता।

(ङ) नगर विकाससँग सम्बन्धित निकायलाई प्रदान गरेको सेवा तथा परामर्शबापत प्राप्त गरेको शुल्क ।

(च) कोषको लगानीबाट प्राप्त रकम ।

(छ) डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी गरी प्राप्त गरेका रकम ।

(ज) कोषको चल तथा अचल सम्पत्तिबाट आर्जन भएको रकम ।

(झ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिम कोषलाई प्राप्त हुने सम्पूर्ण रकम नेपालको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२६. लेखा र लेखापरीक्षणः** (१) कोषको आयव्ययको लेखा तोकिए वमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ।

**२७. लेखापरीक्षण समितिः** (१) कोषको आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कोषमा एक लेखा परीक्षण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२८. **<u>जगेडा कोषः</u>** कोषले खुद मुनाफाबाट प्रत्येक वर्ष तोकिए बमोजिमको प्रतिशत रकम छुट्याई एउटा जगेडा कोष स्थापना गर्नु पर्नेछ।

२९. **<u>लाभांशको वितरणः</u>** दफा २८ बमोजिमको जगेडा कोषमा रकम सारेपछि मात्र शेयरधनीहरूलाई लाभांश वितरण गर्न सकिनेछ।

३०. **<u>नियामक निकायः</u>** नेपाल सरकारले शहरी विकास मन्त्रालय मार्फत कोषको नियमन गर्न सक्नेछ।नेपाल सरकारले कोषका लागि जारी गरेको निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

## परिच्छेद–६

## <u>विविध</u>

३१. **<u>निर्णय प्रक्रियामा सहभागी हुन नपाउनेः</u>** कोषका सदस्य तथा कुनै कर्मचारीहरूले आफ्नो स्वार्थ भएको कुनै विषयवस्तुसँग सम्बन्धित कोषको कुनै निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन् ।

३२. **<u>काम कारबाही बदर नहुने :</u>** समितिको कुनै सदस्यको मनोनयन नभएको कारणले मात्र समितिको काम कारबाही बदर हुने छैन ।

३३. **<u>शपथ ग्रहण गर्नुपर्ने</u>** : सदस्य तथा कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अगावै तोकिए बमोजिमको सपथ ग्रहण गर्नु पर्नेछ ।

३४. **<u>प्रतिवेदन पेश गर्नुपर्नेः</u>** (१) प्रमुख कार्यकारी अधिकृतले कोषको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ र समितिबाट स्वीकृत प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नु पर्नेछ।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

३५. **<u>यसै ऐन बमोजिम हुनेः</u>** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम हुनेछ ।

३६. **<u>बैठक भत्ता :</u>** सदस्यहरूले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

३७. **<u>नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्नेः</u>** (१) नेपाल सरकारले कोषले गरेको काम कारबाहीहरूको आवश्यक जाँचबुझ गरी कोषको उद्देश्य अनुरूप काम कारबाही गर्न कोषलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

३८. **अधिकार प्रत्यायोजनः** (१) समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार कुनै सदस्य, दफा २० बमोजिम गठित उपसमिति वा प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुख कार्यकारी अधिकृतले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकतानुसार केही अधिकार कोषको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३९. **कोष विघटन गर्न सक्नेः** देहायको अवस्थामा नेपाल सरकारले कोषलाई विघटन गर्न सक्नेछः-

(क) यो ऐनको उद्देश्य अनुरुप कोषले काम गर्न नसकेमा ।

(ख) कोषले नेपाल सरकार, कुनै विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त ऋण रकम नेपाल सरकार, विदेशी सरकार वा अन्य त्यस्तो संस्थालाई तिर्न कोष असमर्थ छ भन्ने नेपाल सरकारलाई लागेमा।

(ग) दफा ३६ बमोजिम नेपाल सरकारले दिएको आदेश वा निर्देशन कोषले उल्लंघन गरेबाट कोषलाई विघटन गर्न वाञ्छनीय छ भन्ने नेपाल सरकारलाई लागेमा।

४०. **सम्पत्ती तथा दायित्व सर्नेः** दफा ३८ बमोजिम कोष विघटन भएमा कोषको जिम्मामा रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्वहरु कोषको शेयर पूँजी संरचना अनुसार प्रचलित कानून बमोजिम सर्नेछ।

४१. **नेपाल सरकारसँग सम्पर्कः** (१) कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा नेपाल सरकारको शहरी विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४२. **नियम तथा विनियम बनाउन सक्ने** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

(२) कोषले आफ्नो कार्य सञ्चालन गर्नका लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक विनियमहरु बनाउन सक्नेछ।

४३. **खारेजी र बचाउः** (१) नगर विकास कोष ऐन, २०५३ खारेज गरिएको छ।

(२) नगर विकास कोष ऐन, २०५३ बमोजिम भए गरेका काम कारवाही यसै ऐन वमोजिम भए गरेको मानिनेछ।

(३) नगर विकास कोष ऐन, २०५३ अन्तर्गत कोषमा कार्यरत कार्यकारी निर्देशक नियुक्त हुँदाका बखत तोकेको अवधिभरका लागि प्रमुख कार्यकारी अधिकृतको रुपमा र कोषमा कार्यरत कर्मचारीहरू यसै ऐन बमोजिम नियुक्त भएको मानी कोषमा बहाल रहनेछन्।

****=